तानसेन नगरपालिका

UNDP

Rural Economic Development Association (REDA)

# युवा लक्षित कार्यक्रमका लागि आवेदन माग सम्बन्धि सुचना !

मितिः २०७८/१०/२५

तानसेन नगरपालिका र संयुक्त राष्ट्र संघिय विकास कार्यक्रमको आर्थिक सहयोग र ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको सहजिकरणमा संचालित **"तानसेन नगरपालिकामा कोभिड–१९ प्रतिकार्य तथा सामाजिक आर्थिक पुनः प्राप्तिका लागी अग्रसरता परियोजना"** को मुख्य लक्ष्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जिविकोपार्जन सुधार गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको बाखा/बंगुर व्यवस्थापन, दुध तथा तरकारी उत्पादन र अन्य सम्भावित क्षेत्रहरुमा उन्नत प्रविधिहरुको अनुसरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ ।

यसै अन्तरगत संचालन गरिने **युवा लक्षित कार्यक्रम**का लागि **कृषि, गैर कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय** गरिरहेका वा गर्ने योजना बनाएका तानसेन नगरपालिकामा बसोवास गर्ने युवा उद्यमीलाई आवेदन पेशका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आवेदन पेश गर्नकालागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरुः**

**१. मकैचरी घाँस खेतीः**

- तानसेन नगरपालिकामा स्थायी बसोवास भएका नेपाली नागरिक हुनुपर्ने ।
- पशुपालन गरेको कृषक हुनुपर्ने ।
- समुहमा आवद्ध भई कामगर्न इच्छुक ।
- व्यक्तिगत जग्गा कम्तिमा ५ रोपनी हुनुपर्ने र भाडाको जग्गाको हकमा कम्तिमा ५ वर्षको सम्झौतापत्र हुनुपर्ने ।
- समुहमा १५ देखी २५ जनाको सदस्य भएको हुनुपर्ने र एउटा कलस्टर र एउटै वडामा हुनुपर्ने ।
- प्राप्त घाँसको बिँउको २५% बिँउ सङ्कलन गर्नुपर्ने र घाँस खेतीलाई निरन्तरता दिनुपर्ने ।
- सङ्कलन भएको बिँउ अर्को वर्ष अन्य समुहलाई हस्तान्तरण गर्नुपर्ने ।
- तानसेन नगरपालिकामा प्रस्तुत कार्यक्रममा बढिमा ५० जना हुनु पर्ने ।

**२. महिला तथा अशक्त व्यक्तिहरुका लागी स्थानीय उत्पादनहरुको ग्रेडिङ, ब्रान्डिङ र प्याकेजिङ्गको लागी प्रशिक्षणः**

- तानसेननगरपालिकाभित्रको स्थायी बासिन्दा हुनुपर्ने ।
- महिला, अशक्त तथा फरक क्षमता भएकालाई विशेष जोड ।
- सहभागी हुन चाहने ब्यक्ति सामान्यतया २० देखी ५० वर्ष ननाघेको हुनु पर्नेछ ।
- लामो समय देखी स्थानिय उत्पादनमा जोडिदै आएका कृषकहरुलाई विशेष जोड ।
- स्थानिय उत्पादनमा आवद्ध सँगै व्याबसायिक रुपमै निरन्तरताको प्रतिवद्धता गर्नेलाई विशेष जोड ।
- समुहमा ५ देखी १५ जनाको सदस्य भएको हुनुपर्ने ।
- तालिम पश्चात सहभागीहरुले अनिवार्य रुपमा उद्यम संचालन गर्नुपर्ने ।
- तानसेन नगरपालीकाबाट कम्तिमा १५ जना महिला र ५ जना अशक्त तथा फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग उपलब्ध गराइने छ ।

**३. ढाका उद्यमीहरूका लागि तान खरीदका लागि घुम्तिकोष सहयोगः**

- तानसेन नगरपालिकाभित्रको स्थायी बासिन्दा हुनुपर्ने ।
- एकल महिलालाई विशेष जोड ।
- सहभागी हुन चाहने ब्यक्ति सामान्यतया २० देखी ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
- लामो समय देखी परम्परागत हाते ढाका बुनाईमा दक्ष भएको हुनुपर्ने ।

- तानसेन नगरपालिका, संयुक्त राष्ट्र संघिय विकास कार्यक्रमको आर्थिक सहयोग छ ग्रामीण आर्थिक विकास संघ पाल्पाको सहजीकरणमा संचालित तीन महिने ब्राडेण्ड ढाका उत्पादन तालिम लिईएका लागि प्राथमिकता ।
- स्थानिय उत्पादनमा आवद्ध सँगै व्याबसायिक रुपमै निरन्तरताको प्रतिवद्धता गर्नेलाई विशेष जोड ।
- सहयोग पश्चात सहभागीहरुले अनिवार्य रुपमा उद्यम संचालन गर्नुपर्ने ।
- तानसेन नगरपालिक भित्र ९ जनालाई सहयोग उपलब्ध गराइने छ ।

**४. जग्गा नभएका, दैनिक ज्याला मजदुरी गर्ने, एच.आई.भी. प्रभावित, अशक्त फरक क्षमता भएका र वञ्चित समुहका व्यक्तिहरु पहिचान गरि उद्यमशिलता सिप विकास तथा व्यवसाय सुरुवात सहयोग कार्यक्रम:**

- तानसेन नगरपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्ने ।
- कम्तीमा ५ जना देखि १५ जनाको समुह हुनुपर्ने ।
- कृषिका लागि कम्तीमा १ रोपनी खेती योग्य जग्गा हुनुपर्ने । (भुमिहिन व्यक्ति बाहेकका लागि)
- कृषिगर्ने कृषकले कम्तीमा ५ वर्ष सम्म निरन्तरता दिनुपर्ने र प्रतिवद्धताका साथ सम्झौता गर्नुपर्ने ।
- पशुपालन गर्ने कृषकले कम्तिमा ३ वर्ष निरन्तरता दिनुपर्ने र प्रतिबद्धताका साथ सम्झौता गर्नुपर्ने ।
- गैह्र कृषि उद्यम शिपमुलक तालिमहरु सञ्चालन गरी स-साना आयमुलक उद्योगहरु सञ्चालन गर्ने अवस्थामा प्रारम्भिक चरणमा कार्यक्रमबाट सक्दो आर्थिक सहयोग गर्ने तालिमबाट सिप प्राप्त गरेका उद्यमीहरुले कम्तीमा २ वर्ष सम्म आयआर्जन गर्ने व्यवसाय सञ्चालन गर्ने व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता दिन सक्ने ।
- तानसेन नगरपालिका भित्र ५० जनालाई सहयोग उपलब्ध गरांइने छ ।

**५. भैंसी पालन र दुग्ध उत्पादनका लागि प्रशिक्षणका साथै गोठ सुधारको लागि सहयोग:**

- तानसेन नगरपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्ने ।
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षी पालनसंग सम्बन्धित व्यवसाय गरि राखेका ।
- समुहमा आवद्ध भई काम गर्न इच्छुक ।
- कम्तीमा दुई वटा भैंसीपालेको कृषक हुनुपर्ने ।
- कम्तीमा २० जना देखि २५ जनाको समुह हुनुपर्ने ।
- बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय गरिरहेका युवालाई बिशेष प्राथमिकता दिइने ।
- तानसेन नगरपालिका भित्र ६० जनालाई सहयोग उपलब्ध गराइने छ ।

**६. स्थानीय स्तरमा संकलन केन्द्र निर्माण:**

- दर्ता भएका कृषि समुह/सहकारी हुनु पर्ने ।
- सरकारी, सहकारी, सामुदायिक सार्वजनिक जग्गा हुनु पर्ने ।
- कम्तीमा १ रोपनी जग्गाको मञ्जुरीनामा पत्र पेश गर्नु पर्ने ।
- तानसेन नगरपालिका भित्र २ वटा संकलन केन्द्र निर्माण गर्ने ।

उल्लेखित विवरण पूरा गरेका युवा उद्यमीहरुले तपशिल बमोजिमका कागजात सहित **आफ्नो वडा कार्यालयमा** आवेदन पेश गर्न अनुरोध गरिन्छ ।

**आवेदन पेश गर्ने अन्तिम मिति:** सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र ।
**आवेदन पेश गर्ने स्थान:** सम्बन्धित वडा कार्यालयहरु
*आवेदनको ढाँचा वडाकार्यालयमा उपलब्ध हुनेछ ।*
**आवश्यक कागजातहरु:**

१. नागरिकताको फोटोकपि
२. पूर्ण रुपमा भरिएको आवेदन फारम

**सम्पर्क नं.:** ०७५ ५२१६१०, ९८६७४४८१३२, ९८४२८६७८६७

ग्रामिण आर्थिक विकास संघ (रेडा) Rural Economic Development Association (REDA) स्था: २०४५ पाल्पा